# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ | संख्याः १८ | मिति : २०७६/०९/०९

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७६/०९/०९ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको नियम नं. १३

## उद्योग, व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७६

# उद्योग, व्यवसाय दर्ता सम्वन्धि कार्यविधि, २०७६

प्रस्तावना

गेरुवागाउँपालिका भित्रको व्यवसाय दर्ता प्रक्रियालाईसरल, सहजर व्यवस्थितबनाउन तथा व्यवसायीहरुलाई गाउँपालिका प्रति उत्तरदायी, जवाफदेही, जिम्मेवार बनाई कारोवारमा प्रतिस्पर्धा कायम राख्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ञ) तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन ले दिएको अधिकार प्रयोग गरी मिति २०७६।०९।०९ गतेको गेरुवा गाउँ कार्यपालिकाको बैठकबाट यो कार्यविधि पारित गरि जारी गरेको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम **"उद्योग, व्यवसाय दर्ता सम्वन्धि कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः**विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्योग,"भन्नाले गेरुवा गाउँपालिका भित्र संचालन हुने उद्योगलाई सम्झनु पर्दछ ।

(ख) "व्यवसाय," भन्नाले गेरुवा गाउँपालिका भित्र संचालन भएका वस्तु तथा सेवा सम्बन्धी व्यवसायलाई सम्झनु पर्दछ ।

(ग) "दर्ता" भन्नाले गाउँपालिका क्षेत्रभित्र संचालन भएका व्यवसायहरुलाई गाउँपालिकाले अभिलेखिकरण गरी कारोवार संचालन गर्न अनुमति दिने कार्यलाई बुझ्नु पर्दछ ।

(घ) "नविकरण" भन्नाले व्यवसाय दर्ता पश्चात गाउँपालिकाले निश्चित शुल्क लिइ निश्चित अवधिको लागि पुनः अनुमति दिने कार्यलाई सम्झनु पर्दछ ।

(ङ) "गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च ) "वडा कार्यालय" भन्नाले गेरुवा गाउँपालिकाका वडा कार्यालयहरु सम्झनु पर्दछ ।

(छ) "गाउँ कार्यपालिका" भन्नाले गेरुवा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले गेरुवा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरुवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ञ) "वडाध्यक्ष" भन्नाले गेरुवा गाउँपालिका अन्तर्गत वडाको वडाध्यक्ष सम्झनुपर्छ ।

## परिच्छेद-२

## दर्ता, नवीकरण, प्रतिलिपी सम्वन्धी व्यवस्था

**३.दर्ता नगरी उद्योग, व्यवसाय संचालन गर्न नहुनेः**(१) यस कार्यविधि बमोजिम उद्योग, व्यवसाय दर्ता नगरी गाउँपालिका क्षेत्रभित्र कारोवार संचालन गर्न पाइने छैन ।

(२) गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका कुनै पनि उद्योग, व्यवसाय यस कार्यविधि जारी भएको ६ महिना भित्र यसै कार्यविधि बमोजिम दर्ता गर्नुपर्नेछ ।

**४.दर्ता सम्वन्धि व्यवस्थाः** (१) उद्योग, व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले देहायका विवरण खुल्ने गरी यस कार्यविधिको **अनुसूची-१** को ढाँचामा दर्ताको लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

क) उद्योग, व्यवसायको नाम र ठेगाना

ख) कारोवार गर्ने मुख्य वस्तु र सेवा

ग) लगानी

घ) धनीको नाम, ठेगाना र नागरिकताको प्रतिलिपी

ङ) उद्योग, व्यवसाय रहने घरधनी वा जग्गा धनीको नाम

च) वडा कार्यालयको सिफारिस

छ) उद्योगको हकमा संधियारको मञ्जुरीनामा

ज) अन्य निकायमा दर्ता भएको भएमा सो सम्बन्धि कागजात

ञ) वहालमा लिइएको भएमा सो सम्बन्धि विवरण वा कागजात

ट) कार्यालयले माग गरेका अन्य आवश्यक प्रमाण तथा कागजात

(२)उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि यस उपर आवश्यक जाँचबुझ गरी गेरुवा गाउँपालिकाको सभाले निर्धारण गरे बमोजिम दस्तुर लिई गाउँ कार्यपालिकाको कार्यालयले उद्योग, व्यवसाय दर्ता गरिदिनु पर्नेछ।

(३) उपदफा र (२) बमोजिम रीत पुगेपछि **अनुसूची-२** बमोजिम उद्योग, व्यवसाय दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

**५.नवीकरण तथा दण्ड जरिवाना**:(१) दफा (४) बमोजिम दर्ता भएको उद्योग, व्यवसाय प्रत्येक आर्थिक वर्षको अन्त्य सम्ममा प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको करचुक्ता प्रमाणपत्र, दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, वडा कार्यालयको सिफारिस तथा अन्य आवश्यक कागजातहरु सहित गाउँ कार्यपालिकाको कार्यालयवाट वार्षिक रुपमा गाउँ सभाबाट निर्धारण गरिए वमोजिम दस्तुर तिरी नविकरण गराउनु पर्नेछ।
(२)उपदफा (१) बमोजिम उद्योग, व्यवसाय नविकरण नगर्ने व्यक्तिबाट प्रत्येक वर्षको लाग्ने कर रकमको २५ प्रतिशतको दरले थप दण्ड जरिवाना लिई नविकरण गरिदिनु पर्नेछ।

**६.प्रमाणपत्रको प्रतिलिपी :**(१)कुनै उद्योगी, व्यवसायीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रतिलिपीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेमा कार्यालयबाट पाँच सय रुपैयाँ दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपी दिनु पर्नेछ।

## परिच्छेद-३

## संसोधन तथा खारेजी सम्वन्धी व्यवस्था

**७. संसोधन सम्वन्धि व्यवस्था :** (१) दफा (४) बमोजिम दर्ता भएका उद्योग, व्यवसाय नामसारी, ठाउँसारी, पुँजी थप, शाखा थप, नाम परिवर्तन, कारोवार थपघट आदी व्यवसायमा संशोधनको लागि दर्ता प्रमाणपत्र, प्रचलित कानुन बमोजिम कर तिरेको करचुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र

अन्य आवश्यक कागजातहरु सहित **अनुसूची-३** को ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यता पुगेका व्यक्तिबाट एक हजार रुपैंया दस्तुर लिई गाउँ कार्यपालिकाको कार्यालयवाट संसोधन गरिदिनु पर्नेछ ।

**८.खारेजी गर्न सकिने :** (१)गाउँपालिकाभित्र दर्ता भएको उद्योग, व्यवसाय बन्द भएमा वा बन्द गर्नु परेमा सम्वन्धित व्यवसायीले प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तिरेको करचुक्ता प्रमाणपत्र, दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरु सहित अनुसूची-३ को ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएपछि गाउँ कार्यपालिकाको कार्यालयबाट पाँचसय रुपैयाँ दस्तुर लिई व्यवसाय दर्ता खारेजी गरिदिनुपर्नेछ ।

तर यस कार्यविधि बमोजिम नवीकरण नभएको हकमा यस कार्यविधिको दफा (५) बमोजिम दण्ड जरिवाना लिई खारेजी गरिदिनु पर्नेछ ।

## परिच्छेद-४
## विविध

**९. सम्वन्धित निकायमा दर्ता तथा इजाजतः**(१)यस कार्यविधि बमोजिम दर्ता भएका उद्योग, व्यवसाय कानुन बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको अन्य निकायमा समेत दर्ता गर्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम दर्ता भएका कुनै उद्योग, व्यवसाय संचालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस कार्यविधि बमोजिम दर्ता भएकै आधारमा त्यस्तो उद्योग, व्यवसाय संचालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।

**१०. अधिकार प्रत्यायोजन :** (१) प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिमको अधिकार कुनै कर्मचारी वा वडा कार्यालयमा प्रत्यायोजन गर्न सक्नेछ ।

**११.प्रचलित कानून बमोजिम हुने :** (१) यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. संसोधनको अधिकार :** (१) यस कार्यविधिमा संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

**१३. बचाउः** (१) यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसायलाई यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

अनुसूची-१

दफा ४ को उपदफा (१)सँग सम्वन्धित

दरखास्त पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गेरुवा गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया ।

विषय : उद्योग, व्यवसाय दर्ता गरिपाउँ ।

मैले निम्न बमोजिम व्यवसाय दर्ता गर्न ईच्छुक भएकोले आवश्यक कागजातहरु यसै साथ संलग्न गरी यो दरखास्त पत्र पेश गरेको छु । मैले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो छ, झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

विवरण

१. व्यवसायकोपूरा नाम (नेपालीमा) :

२. व्यवसायको पूरा ठेगाना :

३. पुँजी रु. :

६. कारोवार गर्ने चीज बस्तुको विवरण :

७. व्यवसायको किसिम :

८. प्रोप्राईटरको पूरा नामर ठेगाना :

९. प्रोप्राईटरको तीन पूस्ते नाम र ठेगाना :

(क) बाजेको नाम र ठेगाना :

(ख) बाबुको नाम र ठेगाना :

(ग) विवाहित महिला भए पतिको नाम र ठेगाना :

१०. संलग्न कागजातहरु :

(क)व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपि

(ख)हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति

(ग) मूल्य अभिवृद्धि कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

(घ) घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौतापत्र

(ङ)सामुहिक व्यवसायको हकमा समुहको सबै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

(च) वडा कार्यालयको सिफारिस पत्र

(छ) स्थानीय उद्योग बाणिज्यसँग सम्बन्धित संघको सिफारिस पत्र

(ज) अन्य ...

साक्षी निवेदक

दरखास्तवालाको माथि लेखिए बमोजिमको व्यहोरा सम्पर्क नं. :

दुरुस्त छ भनी सनाखत गर्नेको लेखात्मक सही :

पूरा नाम :रेखात्मक सही :

पूरा ठेगाना : दाँया बाँया

नागरिकता नं. र जिल्लाः

सही :

## कवुलियतनामा

यो ...................................नामको व्यवसाय दर्ता हुनु भन्दा पहिले अरु कसैले यो व्यवसायको नामसंग मिल्ने गरी व्यवसाय दर्ता गरिसकेको भए सो को सूचना पाउनासाथ तुरुन्तै यो व्यसायको नाम खारेजी गरि अर्को नाम राखी व्यवसाय दर्ता गर्न आउने छु । सूचनामा उल्लेखित म्यादभित्र नआएको कारणले व्यवसाय स्वतः खारेज गरिएमा पछि कुनै दावि गर्ने छैन ।

१. यस भन्दा अगाडी मेरो नाउमा अरु कुनै व्यवसाय दर्ता गरी राखेको छैन ।

२. प्रचलित ऐन, नियम तथा कानुनमा उल्लेखित गरिएका शर्तहरु उल्लंघन गरेमा प्रचलित कानुन बमोजिम सहुला बुझाउला ।

दस्तखत :

प्रोप्राईटरको पूरा नाम :

ईति सम्वत २०.................साल......................महिना.................गते रोज..................शुभम् ।

## टिप्पणी

## ( कार्यालयले मात्र भर्ने)

श्रीमान

..................................नामको व्यवसाय ..................................नाममा दर्ता गर्न आवश्यक हुने सवै कागजातहरु निवेदनका साथ रितपूर्वक पेश हुन आएको देखिँदा माग बमोजिम दर्ता गरी दिन मनासिव देखिएकाले दस्तुर वापत रु.............शुल्क लिई निजको नाममा व्यवसाय दर्ता गरी प्रमाणपत्र दिन मनासिव देखिएकाले निर्णयार्थ पेश गरेको छु ।

पेश गर्ने

सदर गर्ने

अनुसूची-२

दफा ४ को उपदफा (३) सँग सम्वन्धित

गेरुवागाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया

# उद्योग/व्यवसाय दर्ता प्रमाणपत्र

दर्ता नं. : मिति :

निम्न लिखित विवरण भएको.....................................................................नामको व्यवसायलाई मिति............................मा गेरुवा उद्योग, व्यवसाय दर्ता सम्वन्धि कार्यविधि,२०७६ को दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

## विवरण

प्रोप्राईटरको नाम थर, वतन :

हालको ठेगाना :

प्रोप्राईटरको नागरिकता नं. :

व्यवसाय रहने ठेगाना :

पुँजी :

व्यवसायको किसिम :

...........................

प्रमुख प्रशासकीय अधिकृत

१.यो प्रमाणपत्रको म्याद व्यवसाय दर्ता गरिएको आर्थिक वर्षको अन्त्यसम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक बहाल रहने हुनाले अवधि समाप्त हुनु भन्दा अगावै अनिवार्य रुपमा नवीकरण गराई सक्नु पर्नेछ ।

२. कारोवार गर्ने मुख्य चिज बस्तुको विवरण र पालना गर्नुपर्ने अन्य शर्तहरु यसै प्रमाणपत्रसाथ संलग्न पत्रमा उल्लेख गरिएको छ ।

३. व्यवसायको लागि अनुमति लिनुपर्ने विषयमा सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ । यसै दर्तालाई नै उदेश्य कार्यान्वयन गर्ने ईजाजत प्रदान गरेको मानिने छैन ।

४. सम्पती शुद्धिकरण निवारण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्वन्धि कानुन वा सो अर्न्तगत बनेका नियम, निर्देशन, आदेश वा सम्वन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ ।

५. धनीले आफ्नो व्यवसायको नाम, ठेगाना, दर्ता नं. र मिति प्रष्ट रुपमा उल्लेख भएको साईनवोर्ड र आफुले कारोवार गर्ने बस्तु वा सेवाको प्रचलित कानुन वमोजिमको मूल्यसूची कारोवार स्थलमा राख्नु पर्नेछ ।

अनुसूची-३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गेरुवागाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया ।

**विषय : पूँजी बृद्धि/शाखा थप/कारोवार थपघट/ठाउँसारी/नामसारी/नाम परिवर्तन/खारेजी ।**

उपरोक्त सम्वन्धमा मेरो/हाम्रो नाममा दर्ता रहेको ..............................व्यवसायमा तपशिलमा उल्लेख भए अनुसार पूँजी बृद्धि/शाखा थप/कारोवार थपघट/ठाउँसारी/नामसारी/नाम परिवर्तन/खारेजी सम्वन्धि काम गरिदिनु हुन आवश्यक कागजातहरु सहित निवेदन गरेको व्यहोरा अनुरोध छ ।

**नविकरण**

मेरो/हाम्रो .................................नामको र.नं...............को व्यवसाय नवीकरण गरिदिन हुन । व्यवसायको नाममा सरकारी तिर्न बुझाउन केही बाँकी छैन भएमा कानुन बमोजिम बुझाउला ।

**पूँजी वृद्धि**

साविक पूँजी रु.......................रहेकोमा पूँजी बृद्धि गरी रु..............................कायम गरीदिन हुन ।

**शाखा थप**

बर्दिया जिल्ला गेरुवागाउँपालिका वडा नं.........को...................मा शाखा कायम गरिदिन हुन ।

**कारोवार थपघट**

साविक कारोवारमा ..........................................................................थप गरिदिन हुन ।
साविक कारोवारबाट.........................................................................हटाई दिन हुन ।

**नामसारी**

साविकको प्रोप्राईटरको नाम ठेगाना र ना.प्र नं.................................................................
हालको प्रोप्राईटरको नाम ठेगाना र ना.प्र नं......................................................................

**नाम परिवर्तन**

व्यवसायको साविकको नाम :..................................................................................
व्यवसायको परिवर्तन गर्नुपर्ने नाम............................................................................

**खारेजी**

मेरो/हाम्रो .................................नामको र. नं...............को व्यवसायलाई खारेजी गरिदिन हुन । व्यवसायको नाममा सरकारी तिर्न बुझाउन केही बाँकी छैन भएमा कानुन बमोजिम बुझाउला ।

निवेदक

दस्तखत :....................................................

प्रोप्राईटरको नाम..........................................

व्यवसायको नाम ..............................................

व्यवसाय रहने ठेगाना....................................... सम्पर्क फोन नं..........................

**( टिप्पणी )**

**(कार्यालयले मात्र भर्ने)**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

निवेदकले नियमानुसारनिवेदन पेश गरेको र निवेदकको माग अनुसारका काम गर्न कानुन अनुसार मनासिव देखिएको र निजले सो वापत कार्यालयलाई बुझाउनुपर्ने राजश्व रु.............................. बुझाई रसिद समेत पेश गरेकाले निर्णयार्थ यो टिप्पणी पेश गरेको छु ।

पेश गर्ने सदर गर्ने

आज्ञाले,
कासी प्रसाद पंगेनी
प्रमुख प्रशासकीय अधिकृत